श्री

# कन्चनपुर जिल्ला अदालत

## कन्चनपुर

फोन नं.: ०९९-५२१२८६
इमेल info.dckanchanpur@supremecourt.gov.np

प.सं.:०७७/०७८
च.नं. ११८

तहशील शाखा

मिति २०७८।०५।२१

विषयः- पीडित राहत कोषमा रकम जम्मा गरिदिने सम्बन्धमा।

श्री लेखा फाँट
श्री कन्चनपुर जिल्ला अदालत।

प्रस्तुत विषयमा एल.कुमारीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी साविक नुवाकोट जिल्ला शिखरवेंसी गा.वि.स.वडा नं. १ बस्ने भीमबहादुर तामाङ्ग भएको मानव बेचबिखन मुद्दा मिति २०६८।०३।२२ मा फैसला भई निज पीडित एल कुमारी (नाम परिवर्तन) लाई रू.५०,०००/- (पचास हजार रूपैंयाँ) क्षतिपूर्ति भराउने ठहरी फैसला भए बमोजिम हाल दुप्चेश्वर गा.पा. वडा नं. ७ बस्ने निज पीडितको पितालाई निजको मोवाइल नं.९६११०३३१९३ मा बारम्बार फोन गर्दा निज एल कुमारी (वास्तविक नाम तामेल्दारलाई छुट्टै पठाएको) कता गइन् आफैलाई थाहा नभएको भनी जवाफ फर्काएको, निज पीडितको नाउँको म्याद तामेल गर्ने नुवाकोट जिल्ला अदालतका तामेल्दार श्री सुरेन्द्रकुमार कार्की (मो.नं.९८४९५५१९६३) बाट समेत सोही अनुसारको जवाफ प्राप्त भएकोले निज प्रतिवादीले यस अदालतमा जम्मा गरेको निज पीडितले पाउने उल्लिखित रकम निजले पछि सो क्षतिपूर्ति रकम पाऊँ भनी स-प्रमाण पेश गरेका बखत पीडित राहत कोषबाट निकासा लिई निजलाई भराइने नै हुँदा हाललाई श्री सर्वोच्च अदालतको पीडित राहत कोष क-२-७ खाता नं.१९६०१००१०२०७०००१ (राष्ट्रिय वाणिज्य बैंक, सिंहदरवार शाखा) मा तत्काल जम्मा गरी दिनुहुन आदेशानुसार अनुरोध छ।

(महिमानसिंह विष्ट)
तहशीलदार शाखा अधिकृत

तहसिलदार
शा.अ.

जवाफ पठाउँदा वादी, प्रतिवादी, फाँट, मुद्दा र मुद्दा नं. अनिवार्य रुपमा उल्लेख गरी ...